# जनताको संबिधान जनताकै माझमा बिषयक अन्तरसम्बाद कार्यक्रम सम्पन्न

आज मिति २०७२ साल पौष ६ गते सोमबारका दिन भरतपुर उप महानगरपालिकाका कार्यकारी अधिकृत श्री महेश बरालको अध्यक्षतामा जनताको संबिधान जनताकै माझमा बिषयक अन्तरसम्बाद कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा ने.का का सभासद् श्री रामकृष्ण घिमिरे , ने.क.पा. एमालेका सभासद श्री कृष्ण भक्त पोखरेल र समानुपातिक तर्फ ने.का.का सभासद श्री गीता वाग्ले को बिशेष उपस्थिति रहेको थियो । साथै उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री बिनोद प्रकाश सिंह ज्यू , स्थानीय बिकास अधिकारी श्री श्रवण कुमार पोखरेल, प्रहरी उपरिक्षक श्री बसन्त बहादुर कुंवर का साथै जिल्ला स्थित राजनैतिक दलका प्रतिनिधिहरु ने.का. जिल्ला सभापती श्री टेक प्रसाद गुरुग , ने.क.पा. एमालेका जिल्ला अध्यक्ष श्री जे.एन. थपलिया, एकिकृत माओवादीका जिल्ला अध्यक्ष श्री एम बहादुर परियार लगायत अन्य राजनैतिक दलका प्रतिनिधिहरु एवं नगर स्तरिय राजनैतिक दलका प्रतिनिधिहरु , वडा नागरिक मन्च , नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरु , पत्रकारहरु , भरतपुर उप महानगरपालिका का कर्मचारीहरु लगायत बिभिन्न संघसस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

जनताको संबिधान जनताकै माझमा बिषयक अन्तरसम्बाद कार्यक्रम का बिबिध झलकहरु








